# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :- ०७७/७८
चलानी नं. :-

मिति :- २०७८।०१।०८

विहादी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वहाकीठाँटी, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

सूचना नं. ६०

**ढुङ्गा, गिटी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी सूचना**

ढुङ्गा, गिटी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड,२०७७ को दफा १३ को व्यवस्था अनुसार मिति २०७८/०१/०७ गते विहादी गाउँपालिकामा नदीजन्य पदार्थको व्यवस्थापन सम्बन्धी बसेको बैठकको निर्णयानुसार देहाय बमोजिम गर्न गराउन हुन सम्पूर्ण व्यवसायीहरु, ढुङ्गा, गिटी, बालुवा उत्खनन, बिक्री तथा ओसारपसारमा संलग्न व्यक्तिहरु तथा आम नागरिकहरुमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**देहाय :-**

१) सम्बन्धित वडा कार्यालयले जारी गर्ने नगदी रसिद नलिइकन कुनै पनि व्यक्ति, निर्माण व्यवसायी, ट्याक्टर तथा ट्रिपर व्यवसायीहरुले नदीजन्य पदार्थको संकलन, उत्खनन र ओसारपसार गर्न पाउने छैनन ।

२) गाउँपालिकाले तोकिएका नाकाहरु बाहेक अन्यत्र कुनै पनि सरकारी, सार्वजनिक, सडक किनारा, खोला तथा निजी जग्गामा उक्त ढुङ्गा गिटी संकलन कार्य गर्न नपाइने ।

३) राजश्व नतिरी ओसारपसार गरेको अवैध मालवस्तुलाई ढुङ्गा, गिटी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड,२०७७ को दफा ९ बमोजिम जफत गरी गाउँपालिकामा जम्मा गरिनेछ।

४) नदीजन्य पदार्थको उत्खनन कार्यको अवैध ओसारपसार कार्यमा रोक लगाउने कार्यमा सहयोग गर्न सम्पूर्ण नागरिक, बुद्धिजिवी, राजनितिकर्मी, संचारकर्मी, विभिन्न संघसंस्था तथा सरोकारवाला सम्पूर्णमा विहादी गाउँपालिका हार्दिक अनुरोध गर्दछ। साथै अवैध कार्य भए गरेको देखिएमा निम्नलिखित सम्पर्क नम्बरहरुमा सम्पर्क गरी जानकारी गराइदिनहुन समेत अनुरोध छ ।

**सम्पर्क नम्बरहरु :-**

विहादी गाउँपालिका :- ९८५७६५०८७१
रानीपानी प्रहरी चौकी :- ९८४७६५४२६९
सेतीवेनी प्रहरी चौकी :- ९८५६०९०३०५
बाच्छा प्रहरी चौकी :- ९८४४७३५१८२
वहाकीठाँटी प्रहरी चौकी :- ९८४७२८२७६१

७८/१/८

ध्रुव दयाल
प्रमुख प्रशासकीय अधिकृत